मिति २०८२ फाल्गुण ०८ गतेको ७० औं कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

प्रस्ताव नं. १ : अघिल्लो कार्यपालिका बैठकको समीक्षा सम्बन्धमा ।

प्रस्ताव नं. २ : विभिन्न मन्त्रालय तथा कार्यालयको पत्रको जानकारी सम्बन्धमा ।

प्रस्ताव नं. ३ : खर्च प्रगति सम्बन्धमा ।

प्रस्ताव नं. ४ : योजना फरफारक, अनुगमन समितिको प्रतिवेदन सम्बन्धमा ।

प्रस्ताव नं. ५ : नदीजन्य पदार्थ उत्खनन् अनुमति प्रदान गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ६ : राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगको कार्य सम्पादन मूल्याङ्कन सम्बन्धमा ।

प्रस्ताव नं. ७ : अख्तियार दुरुपयोग अनुसन्धान आयोगको पत्रको जवाफ पेश गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ८ : कोशी पुजाको लागि आर्थिक सहयोग प्रदान गर्ने सम्बन्धमा ।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

निर्णयहरु

**निर्णय नं. ७०.१** : नगर कार्यपालिकाको मिति २०८२/१०/२१ गतेको ६९ औं बैठकबाट भएका निर्णयहरु कार्यान्वयनको सम्बन्धमा आजको यस कार्यपालिका बैठकमा छलफल तथा समीक्षा गरियो । हालसम्म कार्यान्वयन हुन नसकेका निर्णयहरु तत्काल कार्यान्वयन गर्न कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७०.२** : विभिन्न कार्यालयबाट प्राप्त भएका तपसिल बमोजिमका पत्रहरुको सम्बन्धमा यस बैठकमा छलफल भई सम्पूर्ण कार्यपालिका सदस्यहरुलाई जानकारी गराइयो ।

तपसिल

- बागमती प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालय/प्रदेश लेखा नियन्त्रक कार्यालयको च.नं. ५४९ मिति २०८२/१०/२६ को विवरण उपलब्ध गराउने सम्बन्धको पत्र तथा सोही विषयसंग सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय, चौतारा, सिन्धुपाल्चोकको च.नं. २४७ मिति २०८२/१०/२६ को पत्रको विषयमा जानकारी गराइयो ।

- मेलम्ची नगरपालिकाको च.न. २३६० मिति २०७८२/१०/२६ मा जिल्ला समन्वय समितिको कार्यालय, चौतारा, सिन्धुपाल्चोकलाई ईन्द्रावती नदीमा ह्युम पाइप राखी बाटो संचालन गरिएको विषयका सम्बन्धमा लेखिएको पत्रको विषयमा जानकारी गराइयो ।

- ईन्द्रवती गाउँ कार्यपालिकाको कार्यालयको च.नं. ११६० मिति २०८२/०९/१८ मा ह्युम पाइप राखी बाटो सुचारु गर्न सहयोग गर्न तथा समन्वय सम्बन्धमा भनि बोधार्थ मारफत प्राप्त भएको पत्रको विषयमा बैठकमा जानकारी गराइयो ।

**निर्णय नं. ७०.३** : मेलम्ची नगरपालिकाबाट आ.व. २०८२/०८३ को श्रावण १ देखि हालसम्मको आम्दानी तर्फ ४३.६२ प्रतिशत, चालु तथा पूँजीगत खर्च प्रगति (चालु तर्फ ४०.८३ प्रतिशत र पूँजीगत तर्फ १२.०.१ प्रतिशत गरी समग्रमा २६.७७ प्रतिशत भएको व्यहोरा यस कार्यपालिका बैठकमा जानकारी गराइयो ।

**निर्णय नं. ७०.४** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ को उपदफा (२) खण्ड (ङ) मा भएको कानूनी व्यवस्था बमोजिम मेलम्ची नगरपालिकाका उपप्रमुख उमा प्रधानज्यूको संयोजकत्वमा गठित योजना अनुगमन तथा सुपरीवेक्षण समितिबाट देहाय बमोजिमका योजनाहरुको अनुगमन गरी

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

फरफारकको लागि पेश भएको हुँदा उक्त योजनाहरुको सम्बन्धमा यस कार्यपालिका बैठकमा छलफल भई पेश भएका अनुसूची-१ मा उल्लिखित योजनाहरु फरफारक गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७०.५** : ईन्द्रावती तथा मेलम्ची नदी क्षेत्र भित्र प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले निर्धारण गरेको क्षेत्रबाट नदीजन्य पदार्थ उत्खनन्का लागि अनुमति पाउँ भनि मेलम्ची नगरपालिका वडा नं. १३ स्थित मेलम्ची फट्केश्वर ईन्द्रावती स्टोन प्रा.लि र वडा नं. १३ स्थित गंगा बालुवा खानी उद्योगले मेलम्ची नगरपालिका १३ नं. वडा कार्यालयको च.नं. ७४१ मिति २०८२/१०/२९ र च.नं. ७५४ मिति २०८२/११/०५ मा मेलम्ची नगर कार्यपालिकालाई सम्बोधन गरी लेखिएको सिफारिस पत्र र अन्य आवश्यक कागजात सहित संलग्न राखी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा ढुङ्गा, गिटी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा ४ को उपदफा (४) र (५) मा भएको कानूनी व्यवस्था तथा मेलम्ची नगरपालिकाको आर्थिक ऐन, २०८२ मा भएको व्यवस्था बमोजिम उल्लिखित क्रसर उद्योगसंग चालु आ.व. २०८२/०८३ को व्यवसाय कर, बहाल बिटौरी शुल्क असूल गरेर नदीजन्य पदार्थ उत्खनन्को लागि अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७०.६** : राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगबाट मिति २०८२/१०/२९ मा प्रदेश सरकार र स्थानीय तहले आ.व. २०८१/०८२ मा गरेको कार्यहरुको कार्य सम्पादन मूल्यङ्कन बापत प्राप्त गरेको अङ्क सम्बन्धी विवरण प्रकाशित गरी पुनरावलोकनका लागि निवेदन पेश गर्न सूचना प्रकाशन गरेकोमा उक्त सूचना बमोजिम मेलम्ची नगरपालिकाले प्राप्त गर्नुपर्ने सूचक बमोजिमको अङ्क प्राप्त नभएको हुँदा उक्त सूचकहरुको सम्बन्धमा पुन: आधार र प्रमाण सहित पुनरावलोकनका लागि निवेदन पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७०.७** : अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, हेटौंडा, मकवानपुरको च.नं. २०४६/३१८३० मिति २०८२/१०/०४ को पत्र तथा जिल्ला प्रशासन कार्यालय, सिन्धुपाल्चोक चौताराको च.नं. १७७० मिति २०८२/१०/२० को पत्रबाट अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, हेटौंडा, मकवानपुरमा परेको उजुरीको सम्बन्धमा राय सहितको जवाफ पठाउनको लागि लेखि आएको हुँदा उक्त उजुरीको विषयमा यस कार्यपालिका बैठकमा जानकारी गराउनुको साथै यस सम्बन्धमा तयार गरिएको लिखित जवाफ माथि छलफल भई उक्त जवाफ जिल्ला प्रशासन कार्यालय, सिन्धुपाल्चोकमा पठाउने निर्णय गरियो ।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

**निर्णय नं. ७०.८** : सिन्धुपाल्चोक जिल्लाको चौतारा साँगाचोकगढी नगरपालिका वडा नं. ११ एक्लेबेसीमा माझी जातीको धर्म, संस्कृति, भेषभुषा, पहिचान सहितको लदी पर्व (कोशी पुजा) र सांस्कृतिक कार्यक्रम संचालनका लागि कोशी पुजा संरक्षण समितिले आर्थिक सहयोग उपलब्ध गराइदिनका लागि निवेदन पेश गरेको हुँदा विभिन्न जातजातीको भेषभुषा, धर्म संस्कृति संरक्षण गर्ने दायित्व स्थानीय तहको भएको हुँदा उक्त कार्यक्रम संचालनका लागि विविध सास्कृति कार्यक्रम शिर्षकबाट खर्च हुने गरी रु. १ लाख उपलब्ध गराउने निर्णय गरियो ।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

अनुसूची १

नगरस्तरीय अनुगमन तथा सुपरिवेक्षण समितिबाट अनुगमन गरी नगरकार्यपालिका बैठकमा मिति २०८२-११-०८ मा फरफारका लागि पेश गरिएको प्रतिवेदन

| क्र.स. | अनुगमन गरिएको योजनाहरु | विनियोजित रकम रु. | लागत साझेदारी | वडा नं. | भुक्तानी रकम (कन्टेनजेन्सी सहित) | खरिद प्रक्रिया | भएका मुख्य कार्यहरु |
|---|---|---|---|---|---|---|---|
| १ | बुगाउँ बस्ती संरक्षण | ५,००,०००.०० | ५०,०००.०० | ८ | प्राविधिक बिल अनुसार | उपभोक्ता समिति मार्फत | प्लम वाल लगाई बस्ती संरक्षण गरिएको। |
| २ | स्याङ्वोखोर गुम्वा खोर सडक स्तरोन्नती कार्य | १०,००,०००.०० | १,००,०००.०० | ८ | प्राविधिक बिल अनुसार | उपभोक्ता समिति मार्फत | सडक चौडा गरि सोलिङ ग्राभेल गर्ने काम र ह्युमपाईप हालिएको |
| ३ | विर्तांघर रामदलटोल सामुदायिक भवन निर्माण | ९,००,०००.०० | १,००,०००.०० | ८ | प्राविधिक बिल अनुसार | उपभोक्ता समिति मार्फत | स्ल्याव ढलान गरी ईट्टाको वाल लगाईएको साथै भुईमा सोलिङ पि.सि.सि. कार्य गरिएको। |
| ४ | ताप्रसा भुमिथान सामुदायिक भवन निर्माण | १०,००,०००.०० | १,००,०००.०० | ८ | प्राविधिक बिल अनुसार | उपभोक्ता समिति मार्फत | प्लास्टरको सम्पूर्ण फिनिसिङ कार्य गरिएको साथै Truss को किचेन रुम बनाईएको |
| ५ | लाभगाउँ सरोका समिति सामुदायिक भवन निर्माण | १०,००,०००.०० | १,००,०००.०० | ८ | प्राविधिक बिल अनुसार | उपभोक्ता समिति मार्फत | किचेनको लागि Truss को भवन बनाई फिनिसिङको सम्पूर्ण कार्यहरु गरिएको। |
| ६ | माथिल्लो ब्रेमाङ सडक स्तरोन्नती | २,५०,०००.०० | २५,०००.०० | ८ | प्राविधिक बिल अनुसार | उपभोक्ता समिति मार्फत | सडक चौडा गरी ग्राभेल हाल्ने कार्य। |
| ७ | जनता मा.वि. छात्रावास निर्माण | ९४,३७,१४९.७० | प्राविधिक बिल अनुसार | ९ | प्राविधिक बिल अनुसार | ठेक्का | ४ कोठ एक तला आ.सि.सि. भवन निर्माण सम्पूर्ण फिनिसिङको कार्यहरु सम्पन्न गरिएको |
| ८ | ६ नं मोटरबाटो सरसफाई | ५,००,०००.०० | ५०,०००.०० | ६ | प्राविधिक बिल अनुसार | उपभोक्ता समिति मार्फत | पहिरो पन्छाउने र बाटो सरसफाई कार्य। |
| ९ | डाँडागाउँ अमरुम्टेटोल सडक स्तरोन्नती कार्य | ५,००,०००.०० | ५०,०००.०० | ९ | प्राविधिक बिल अनुसार | उपभोक्ता समिति मार्फत | सोलिङ र stone Masonary Wall कार्य। |
| १० | दोबाटे, काँडादेवी सिडी निर्माण | ५,००,०००.०० | ५०,०००.०० | ९ | प्राविधिक बिल अनुसार | उपभोक्ता समिति मार्फत | सिडि र वालको कार्य। |
| ११ | सिरानटोल कर्कले रातमाटा सडक स्तरोन्नती कार्य | ९,००,०००.०० | १,१०,०००.०० | ९ | प्राविधिक बिल अनुसार | उपभोक्ता समिति मार्फत | ग्याबिन र वालको कार्य। |
| १२ | मजुवा थरिडाँडा सडक मर्मत कार्य | २,००,०००.०० | २०,०००.०० | ९ | प्राविधिक बिल अनुसार | उपभोक्ता समिति मार्फत | ग्याबिन र वालको कार्य। |
| १३ | साङडाँडा प्रतिक्षालय (गुफा) निर्माण | १,५०,०००.०० | १५,१२९.२५ | ९ | प्राविधिक बिल अनुसार | उपभोक्ता समिति मार्फत | ट्रसको प्रतिक्षालय र वालको कार्य। |

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १४ | घिमिरेटोल सिंचाई ट्याङ्की निर्माण | ५,००,०००.०० | ५०,१५८.८० | ९ | प्राविधिक बिल अनुसार | उपभोक्ता समिति मार्फत | आ.सि.सि. सिंचाई ट्याङकी निर्माण कार्य। |
| १५ | बिनोद बस्ती संरक्षण कार्य | ३,००,०००.०० | ३०,०००.१० | १३ | प्राविधिक बिल अनुसार | उपभोक्ता समिति मार्फत | Stone Masonary Wall निर्माण कार्य। |
| १६ | इश्वरीपाटा तल्लो तामाङटोल सडक स्तरोन्नती कार्य (साविक वडा नं.२) | १०,००,०००.०० | १,००,०००.०० | १३ | प्राविधिक बिल अनुसार | उपभोक्ता समिति मार्फत | ग्याविन वाल, ह्युमपाईप, क्याचपिट निर्माण। |
| १७ | तिनथरे कलेजे सडक स्तरोन्नती कार्य | १०,००,०००.०० | १,००,०००.०० | १३ | प्राविधिक बिल अनुसार | उपभोक्ता समिति मार्फत | ग्याविन वाल, ह्युमपाईप, क्याचपिट निर्माण। |
| १८ | Construction of Golma Rajarani Temple | ७६५८१२२.८७ | प्राविधिक बिल अनुसार | ९ | प्राविधिक बिल अनुसार | ठेक्का | सिडी, रेलिङ, stone masonarry Wall, शौचालय, ध्यान गेने भवन निर्माण कार्य भएको। |
| १९ | दहपोखरी संरक्षण कार्य | १०,००,०००.०० | १,००,०००.०० | ३ | प्राविधिक बिल अनुसार | उपभोक्ता समिति मार्फत | ढलान, stone masonary wall, plaster Work प्रयोग गरी पुरातात्वतिक दहपोखरी निर्माण |
| २० | Construction of Water Supply project Melamchi -२ | ४७४२१२१.९९ | प्राविधिक बिल अनुसार | २ | प्राविधिक बिल अनुसार | ठेक्का | एक घर एक धारा निर्माण, intake निर्माण कार्य भएको। |

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल